# जन्तेढुङ्गा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : १ संख्या : ७ मिति : १० बैशाख, २०७६

## भाग : १

### जन्तेढुङ्गा गाउँपालिकाद्वारा प्रकाशित

# जन्तेढुङ्गा गाउँपालिका स्वास्थ्य तथा सरसफाइ ऐन, २०७५

# जन्तेढुङ्गा गाउँपालिका स्वास्थ्य तथा सरसफाइ ऐन, २०७५

प्रस्तावना,

स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाइ सेवा प्रदान गर्ने कार्यमा गाउँको जिम्मेवारी प्रमुख रहि आएको र सोको व्यवस्थापन स्पष्ट कानुनी व्यवस्था गरि कार्यसम्पादन गर्न बाञ्छनीय भएकोले नेपालको संविधान, २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसुची ८ को सुची नं ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम जन्तेढुङ्गा गाउँपालिकाको गाउँ सभाले यो ऐन तर्जुमा गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भ :

क. यस ऐनलाई "जन्तेढुङ्गा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ ऐन, २०७५" भनिने छ।

ख. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. "ऐन" भन्नाले जन्तेढुङ्गा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ ऐन २०७५ लाई सम्झनु पर्छ।

ख. "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ।

ग. "कार्यपालिका" भन्नाले जन्तेढुङ्गा गाउँपालिकाको गाउँ कार्य पालिकालाई सम्झनु पर्छ।

घ. "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

ङ. "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ ।

च. "ट्रष्ट वा लोक कल्याणकारी" भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

छ. "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

ज. "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिलाई सम्झनु पर्दछ ।

झ. "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्वन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु** : स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन्,

क. सरकारी वा सामुदायिक : सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयुर्वेद तथा प्रकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आयुर्वेद केन्द्रहरु. सरकारी वा सामुदायिक स्वास्थ्य सेवा र प्रदायक निकाय हुनेछन् ।

ख. निजी : निजी क्षेत्रद्वारा संचालित अस्पताल नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

ग. ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको अधिनस्थ, ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

४. **स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड** : स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड

संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार :**

१. स्थानीय गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुनेछ :

क. गाउँपालिका अध्यक्ष - अध्यक्ष

ख. स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य - सदस्य

ग. शिक्षा क्षेत्र हेर्ने कार्यापालिका सदस्य - सदस्य

घ. स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक २ वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना - सदस्य

ङ. आमा समूह र स्वास्थ्य स्वयसेविक सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

च. स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष मध्ये कार्यपालिकाले तोकेका १ जना - सदस्य

छ. स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - सदस्य सचिव

२. स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ -

क. आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने ।

ख. गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था संचालनका लागि अनुमति, स्विकृती सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्न ।

ग. स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिन, जागरुक र सजक बनाउने ।

घ. स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउन र परिचालन गर्ने गराउने ।

ङ. स्वास्थ्य संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

च. स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्न ।

छ. स्वास्थ्य सेवाको पहुँच भन्दा वाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

ज. गाउँ कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

झ. तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

६. **स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार** : १. सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी/स्वास्थ्य संस्था व्यवस्थापन समिति व्यवस्थापनका लागि देहायका देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै व्यवस्थापन समिति गठन गरिने छ ।

**प्राथमिक स्वास्थ्य केन्द्र**

क. गाउँ पालिकाको उपाध्यक्ष वा उपाध्यक्षले तोकेको व्यक्ति - अध्यक्ष

ख. सम्बन्धित वडाको वडाध्यक्ष वा अध्यक्षले तोकेको वडा सदस्य - सदस्य

ग. स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्रधानाध्यापक - सदस्य

घ. स्वास्थ्य क्षेत्रमा क्रियाशिल तथा व्यक्तिबाट स्वास्थ्य तथा सरसफाइ अनुगमन समिति अध्यक्षले मनोनित गरेको १ जना - सदस्य

ङ. सम्बन्धित वडाको वडा सचिव - सदस्य

च. महिला स्वास्थ्य स्वयम सेविका मध्येबाट १ जना - सदस्य

छ. सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

**स्वास्थ्य चौकी**

क. सम्बन्धित वडाध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्य -अध्यक्ष

ख. स्वास्थ्य क्षेत्रमा क्रियाशिल मध्ये वडा समितिबाट मनोनित महिला १ जना - सदस्य

ग. स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्रधानाध्यापक - सदस्य
घ. सम्बन्धित वडाको वडा सचिव - सदस्य
ङ. सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

२. स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम कर्तव्य निम्नानुसार हुनेछन् :

क. आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

ख. व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

ग. वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।

घ. सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

ङ. स्वास्थ्य घुम्ती शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

च. केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएको स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

७. **बैंक खाता संचालन :** हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्ने छ ।

१. स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

२. उपदफा १ बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकको तोके बमोजिम हुनेछ ।

## परिच्छेद ३
## स्वास्थ्य संस्था स्थापना र संचालन सम्बन्धी मापदण्ड

८. **अस्पताल तथा स्वास्थ्य संस्था संचालन मापदण्ड :**

१. **अस्पताल :** गाउँपालिका आफैले तोकिएको मापदण्ड १५ शैय्यासम्म

क्षमताको अस्पताल गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न गाउँपालिकाले अस्पताल संचालन नियमवाली तर्जुमा गरी संचालन गर्नेछ ।

२. **स्वास्थ्यको चौकी** : गाउँपालिकाको प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्नु पर्नेछ ।

क. जनशक्ति : स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट) १ जना, अहेव २ जना, अनमी २ जना आवश्यकता अनुसार सहायक कर्मचारीहरु,

ख. भवन कोठा : प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन,

ग. उपकरण : प्राथमिक उपचारका आधारभूत उपकरण ।

३. गाउँपालिका क्षेत्र भित्र जडिबुटि, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाम मुलुक र बैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुको साझेदारीमा वा गाउँपालिकाको आफैले कम्तिमा एउटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नु पर्नेछ ।

९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने ।

१. गाउँपालिका क्षेत्र भित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैयासम्मको संचालन अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

२. उपदफा १ बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

३. स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेमा अस्पताल संचालनको स्विकृती प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ ।

४. उपदफा ३ को आधारमा गाउँ कार्यपालिकाले ...... समय भित्र

तोकिएको मापदण्ड पूरा गरेमा अस्पताल संचालनको स्विकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

५. तोकिएको समयसिमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्विकृतीका लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

६. उपदफा ५ बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरि तोकिएको मापदण्ड पूरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमति प्रदान गर्न सक्नेछ ।

७. आशयपत्रमा उल्लेख गरिएको समय सिमा भित्र तोकिएको मापदण्ड पूरा गरेको नपाइएमा स्विकृती प्रदान नगर्न सकिनेछ ।

१०. **अस्पताल संचालन गर्न आवश्यक मापदण्ड :** गाउँपालिकको स्विकृतीमा संचालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पूरा गर्नु पर्नेछ ।

१. जनशक्ति : कम्तिमा २ जना एमबिबिएस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा १ जना ल्याव टेक्निसियन र आवश्यक मात्रामा सहायक र सहयोगी स्वास्थ्यकर्मी,

२. भवन तथा कोठा : दर्ता चलानी, बहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका बिमारी राख्ने क्याबिन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ्ग स्थल .........

३. उपकरण र पूर्वाधार : सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलव्धता, बिमारी राख्ने बेड र लाइफ सपोर्ट सिस्टम, चौबिस घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहोर व्यवस्थापनको प्रणाली भएको हुनु पर्ने ।

११. **पोलिक्लिनिक संचालनको अनुमति :**

१. गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलोक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरी स्विकृती लिनु पर्नेछ ।

१२. **प्रयोगशाला वा ल्याबरेटोरी, संचालन :** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याबरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहितको गाउँपालिकाबाट स्विकृती लिनु पर्नेछ ।

१. संचालकको विवरण तथा नागरिककताको प्रमाणपत्र,
२. प्रयोगशाला वा ल्यावरेटोरी संचालन गर्ने स्थान, घरधनी र संचालकबीचका घरभाडा सम्वन्धी सम्झौता पत्र,
३. रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र,
४. ल्यावमा उपलब्ध हुने परीक्षणको प्रकार,
५. ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण,
६. प्रस्तावित लागत,

**१३. फार्मेसी संचालनको अनुमती :**

१. गाउँपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमति लिनुपर्ने छ ।
२. आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति संचालक रहने गरी फार्मेसी संचालन गर्ने स्थान, बिक्रि वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।
३. फार्मेसी संचालनमा रहने मुख्य संचालक र सहायक कर्मचारीहरुको विवरणहरु, शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको बसोबास रहेको ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नु पर्ने ।
४. प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमति दिन सक्ने छ ।

**१४. मापदण्ड पूरा नगरेमा सजाय हुने :**

१. स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्विकृति लिदा तोकिएको मापदण्ड पूरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थाइ रुपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्विकृती खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।
२. प्रयोगशालामा तालिम प्राप्त ल्याब टेक्नोसियन बाहेकको व्यक्तिले रगत, दिसा पिसाब, खकार लगायतको परीक्षणमा संलग्न भएको पाएमा

त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, संचालकलाई कालो सूचीमा राखी सो आम जनतलाई जानकारी दिइने ।

३. फार्मेसीको हकमा दर्तावाला संचालक र सहयोगी बाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

१५. **सहुलियत र छुटको व्यवस्था गर्नु पर्ने :** निजी लगानी र ट्रष्ट मार्फत संचालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परीक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

## परिच्छेद ४
## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयम सेवक सम्बन्धी व्यवस्था

१६. **स्वास्थ्यकर्मीको व्यवस्थापन :** गाउँपालिका भित्रका समुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि चार प्रकारका स्वास्थ्यकर्मी रहने छन् -

१. स्थायी : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु,

२. करार : स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत क़रार सेवामा भर्ना गरिएको स्वास्थ्यकर्मीहरु,

३. अभ्यासकर्ता : स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु गाउँपालिकाको आंशिक वा पूर्ण छात्रावृतिमा अन्यत्र गइ स्वास्थ्य शिक्षा अध्ययन गरेको विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्नेछ । यस्ता अभ्यासकर्तालाई बढीमा एक वर्षका लागि भर्ना गर्न सकिनेछ ।

४. स्वास्थ्य अभियानकर्ता र स्वयंमसेविका ।

१७. **अभियानकर्ता र स्वास्थ्य स्वयंमसेविकाको व्यवस्था :** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त

गर्न सक्नेछ ।

१. महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियुक्तिका लागि २१ वर्ष पूरा भइ ४० वर्ष ननाघेको शैक्षिक योग्यता न्यूनतम १० कक्षा अध्ययन गरेको सम्बन्धित वडाको विवाहित नागरिक हुनु पर्नेछ ।

२. एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि एक जना महिला स्वयंमसेविका र एकजना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्न सक्नेछ ।

३. प्रत्येक स्वयंमसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्बन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनु पर्नेछ ।

४. गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखिकरण प्रदान गर्ने छ ।

५. यस भन्दा पहिले देखि नै कार्यरत महिला स्वयंमसेविकाहरु मध्ये निरक्षर र ५० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी विदाइ गरिने छ र नयाँ नियुक्त गर्दा कम्तिमा १० कक्षा उतीर्णलाई मात्र नियुक्ति दिइने छ ।

**१८. स्वास्थ्यकर्मीको सेवा सुविधा :**

१. स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोकिएको स्केल बमोजिम तलब र स्थानीय गाउँ र नगर कार्यपालिकाले तोके बमोजिम अन्य सेवा सुविधा,

२. करार स्वास्थ्य कर्मी : प्रचलित तलब स्केल र २ पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

३. अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा सम्बन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलब स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराउंन सकिनेछ ।

४. अभियान कर्ता र स्वयंमसेविका : पोशाक, वार्षिक रुपमा संचालन खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको बखत काममा खटाइएमा

सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्वन्धी अभियानमा खटाइएको समयमा दिने पारिश्रमिक जस्ता सुविधाहरु उपलव्ध गराउन सकिनेछ ।

१९. स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियुक्ति सामुदायिक बा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी गाउँ कार्यपालिकाले निर्धारण गर्नेछ ।

१. दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भइ आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनामा नआएका कर्मचारीहरुको गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

२. कामको चापको अवस्था हेरी चाप भएका स्वास्थ्य संस्थामा दर बन्दी रिक्त नभए पनि गाउँपालिकाले करारका स्वास्थ्यकर्मी नियुक्त गर्न सक्नेछ ।

३. स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरबन्दी पदमा तथा आवश्यकता अनुसार करार नियुक्ति गर्नुपर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ ।

क. गाउँपालिकको प्रमुख प्रशासकीय अधिकृत -संयोजक

ख. गाउँपालिकाको स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य -सदस्य

ग. गाउँपालिकाको स्वास्थ्य शाखा हेर्ने कर्मचारी मध्ये कार्यपालिकाले तोकेको कर्मचारी -सदस्य सचिव

४. छनौट समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. कर्मचारी सरुवा :

१. स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुनु पर्नेछ । विशेष परिस्थिति बाहेक न्यूनतम तीन वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरे पछि मात्र सरुवा हुनेछ ।

२. विशेष अवस्थामा बाहेक न्यूनतम ३ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाँउपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछ । यसरी प्राप्त

निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ शाखाले आफ्नो क्षेत्र भित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

३. विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने विषयगत दरबन्दी आवश्यक नरहेको स्वास्थ्य समस्या, पतिपत्नि सँगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ ।

**२१. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने देहाय अनुसार कार्य सम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।**

१. गाउँपालिका अध्यक्षको रोहबरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाइ शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

२. कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

३. वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाइ अनुगमन समितिले तयार गरि गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२२. कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कार :**

१. कार्य सम्पादन करार भएका कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा प्राप्त गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ । गाउँपालिका अन्तर्गतका स्थायी तथा अस्थायी कर र कर्मचारीलाई गाउँपालिका भित्रका कुनै पनि स्वास्थ्य संस्थामा सा.स्वा.इ. तथा स्वास्थ्य शिविरमा काजमा कामकाजका लागि खटाउन सक्नेछ ।

२. कार्य सम्पादन सम्झौताको मूल्याङ्कन पुरस्कार र सजाय गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ५
## औषधी तथा स्वास्थ्य उपकरण खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२३. वार्षिक खरिद योजना बनाउनु पर्ने :**

१. आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्विकृत गराउनु पर्नेछ ।

२. वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाइ शाखाको सहयोगमा खरिद एकाइले तयार गर्नेछ ।

**२४. औषधी तथा स्वास्थ्य उपकरण खरिद :**

१. औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले प्रक्रिया अधि बढाउने छ ।

२. औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नु पर्नेछ ।

**२५. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :**

१. खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले मिलाउने छ ।

२. स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नु पर्नेछ । खरिदको परिमाण निर्धारण सम्बन्धित वडा समितिले माग गरे बमोजिम २०% मा नबढाइकन गर्नु पर्नेछ ।

३. सम्बन्धित सामुदायिक स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ ।

परिच्छेद ६

## स्वास्थ्य सेवाको न्यूनतम मुल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२६. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने :**

१. गाउँपालिकाले स्थानीयस्तरमा संचालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ। स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ।

**२७. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन**

१. गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेंतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ।

२. आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी संचालन तथा व्यवस्थापन गर्नु पर्नेछ।

**२८. सरसफाइ र स्वच्छताका लागि अनुगमन तथा नियमन**

१. स्वास्थ्य खानेपानी र खाद्य पदार्थको गुणस्तर एवम् वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाइ अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ।

२. प्रदुषण वढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्बन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्नेछ।

३. सिफारिस बमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ।

## पदिच्छेद ७
## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**२९. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने**

१. स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयम्सेविकालाई टिपोट गराउनु पर्नेछ।

२. कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयम्सेविकालाई टिपोट गराउनु पर्नेछ।

३. टिपोट गराइएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ।

**३०. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने**

१. स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा बस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ।

२. यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक शतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नु पर्नेछ।

**३१. सुर्ती, मदिरा तथा सुर्तिजन्य पदार्थको नियमन**

१. सुर्ती तथा मदिराजन्य पदार्थ बिक्रि वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ।

२. खाद्य पदार्थ बिक्रि गर्ने पसलमा सुर्ति तथा मदिराजन्य पदार्थ बिक्रि वितरण गर्न बन्देज लगाइने छ।

३. सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको बिक्रि वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ। विद्यालय

सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

४. खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ बिक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।

**३२. सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोरमैला व्यवस्थापन**

१. गाउँपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाइको मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

२. यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता महिला स्वयंमसेविकाहरु परिचालन गरी सवै घर परिवारसम्म वितरण गर्नेछन् ।

३. घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घर ेलु फोहर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्ने छ ।

४. एक परिवारको शौचालय, ढल र फोहर मैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ती हानी पुऱ्याउने परिवारले तिर्नु पर्नेछ ।

५. शहरी तथा अर्धशहरी क्षेत्रमा निश्कासित फोहरमैला पूर्ण प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँ कार्यपालिकाले प्रोत्साहान रकम प्रदान गर्न सक्ने छ ।

## परिच्छेद ८
## विविध

**३३. प्राइभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल संचालनका लागि सिफारिस**

१. राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजी स्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द्र स्थापनाका

लागि सम्बन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनु पर्नेछ ।

२. उपदफा १ बमोजिमको सिफारिस लिदा वातावरणीय प्राभाव अध्ययन गरी स्थानिय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनु पर्नेछ ।

३. सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके बमोजिमको राजस्व दस्तुर बुझाउनु पर्नेछ ।

**३४. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने :**

१. स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले समन्वयन गर्नेछ ।

३५. आमा समूह, धामी झाक्री र आम्ची सेवाको अभिलेख अधावधिक गरी तिनिहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाइ शाखाले अनुगमन र नियमन गर्नेछ ।

३६. गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाइ सम्बन्धी संस्थाहरुले आफ्नो प्रगती विवरण त्रैमासिक रुपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ ।

३७. गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाइ सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसाय, सामाजिक संघसंस्था, ट्रष्ट र व्यक्तिहरुसँग विभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्नेछ र तिनिहरुबाट औषधी, उपकरण, विशेषज्ञ सिपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

३८. **पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुरनावेदन लाग्नेछ ।

**३९. नियम बनाउने अधिकार :**

१. यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियन बनाउन सक्नेछ ।

२. यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

४०. **संक्रमणकालिन व्यवस्था :** यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

४१. **बाधा अडकाउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा-अडकाउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ। तर यस्तो आदेश गाउँकार्यपालिकाले ६ महिना भित्र अनुमोदन नगरेमा स्वतः निष्क्रिय हुनेछ ।

४२. **बचाउ र लागू नहुने :**

१. यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

२. संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हद सम्म स्वतः निस्क्रिय हुनेछ ।

प्रमाणिकरण मिति : २०७५।१२।२५

आज्ञाले,
चित्रप्रसाद गुरागाइ
प्रमुख प्रशासकीय अधिकृत